स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी कातिक १५ गते लक्ष्मीपूजाबाट प्रदर्शन हुन लागेको फिल्म 'पूर्ण बहादुरको सारङ्गी'को पहिलो गीत सार्वजनिक गरिएको छ। छायांकनभन्दा अगाडि मोशन पोस्टर र दुई हप्ताअघि टिजरमा समावेश 'काँधेकुरी' गीतको भिडियोसहित पूरा अंश सार्वजनिक गरिएको हो। गीतका शब्दहरु मर्मस्पर्शी छन्। एक बाबुले छोराको प्रगतिका लागि गरेको दुःख, मिहिनेत र सपना गीतले बोल्छ।

**आजको विचार...**



अजय सुवेदी

**वैदेशिक...**

(दुई पेजमा)

लक्ष्मण सुनारको कथा तथा निर्देशन रहने फिल्म हो 'कल्ली'। रेड बर्ड प्रोडक्सन र कस्तुरी प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्म 'कल्ली'को मुख्य भुमिकामा अभिनेता सौगात मल्ल अनुबन्धित भएका छन् । निर्माण युनिटले सोमबार उनलाई मुख्य भूमिकाको लागि अनुबन्धित गरेको हो । किरण नेपालीको प्रस्तुतिमा तयार हुन लागेको फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ । फिल्मका निर्माण प्रमुख सुरज आचार्य हुन् ।



❐ वर्ष ३० ❐ अंक ६३ ❐ २०८१ असोज १ गते मंगलबार 17 September 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

**संक्षिप्त समाचार**

## राष्ट्रिय चलचित्र दिवस मनाइँदै

**पाल्पा,** भदौ ३१/'राष्ट्रिय चलचित्र दिवस' आज नेपालमा विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालका चलचित्रकर्मीहरूले विभिन्न कार्यक्रम गर्दै दिवस मनाउन लागेका हुन् । नेपाल चलचित्र विकास बोर्डको पहलमा २०६८ साल असोज १ गतेबाट मनाउन थालिएको यो दिवसले त्यसयताका प्रत्येक असोज १ मा निरन्तरता पाइरहेको छ । बोर्डकातत्कालिन अध्यक्ष गणेश भण्डारीको नेतृत्वले नेपालमा बनेको पहिलो चलचित्र 'आमा' को २०२२ असोज २२ गते रिलिज मितिको सन्दर्भलाई जोड्दै असोज १ गतेलाई 'राष्ट्रिय चलचित्र दिवस' मनाउन सुरु गरेको थियो । वि.सं. २००७ सालमा डीबी परियारको निर्देशनमा चलचित्र 'सत्य हरिश्चन्द्र' निर्माण भएको थियो । भारतको कलकत्तामा यो चलचित्र निर्माण भए पनि नेपालमै निर्माण भएको चलचित्र 'आमा'लाई नेपालको पहिलो चलचित्र मानिदै आएको छ ।

### आज विश्वकर्मा पूजा

# देशैभर फलामे औजारको पूजा गरिँदै

**सीमा भट्टराई**


**पाल्पा,** भदौ ३१/हरेक चाडपर्वको आ-आफ्नै महिमा र विशेषता रहेको हुन्छ । अन्य चाडपर्व र पूजाआजा जस्तै विश्वकर्मा पूजा पनि एक हो ।

यसको पनि आफ्नै सांस्कृतिक, सामाजिक र आध्यात्मिक महत्व र महिमा रहेको छ । आश्विन महिनाको कृष्णपक्षको संक्रान्ति तिथिमा पर्ने यो पर्व हरेक वर्ष असोज १ गते विश्वकर्मा बाबाको पूजा गरी मनाइन्छ । आज नेपालमा धुमधामका साथ विश्वकर्मा बाबाको पूजा गरिदैंछ । यो दिन भगवान विश्वकर्माको जन्म भएको थियो । यसैले यस दिनलाई विश्वकर्मा जयन्ती पनि भनिन्छ । विषेशगरी वास्तुशास्त्री, इञ्जिनीयर, कालीगढहरु आदिले यो दिवस मनाउँछन् । आजको दिनमा आफुसँग भएको फलामे औजार र कलकारखानाहरुको बिहानै उठेर नुहाई धुवाई गरी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रङ्गीबिरङ्गी बनाई




पूजाआजा गर्ने गरिन्छ । यो दिन धेरैजसो कलकारखाना बन्द रहन्छ र मानिसहरुले हर्षोल्लासको साथ भगवान विश्वकर्माको पूजा गर्छन् । विश्वकर्मा पूजाका अवसरमा बिहानैदेखि कलकारखानामा रङ्गीचङ्गी ध्वजापताका टाग्नुका साथै विशेष पूजा गर्न लागिएको छ । सवारी साधन हुनेहरूले सवारी साधनलाई धोएर पूजाआजा गरेका छन् । बिहानै गुड्ने सार्वजनिक सवारीका साधनलाई पनि बिहानै धोएर सफा पारी रिवन तथा विभिन्न ध्वजापतका लगाएर रंगीन बनाइएको छ । गाडी मर्मत सम्भार गर्ने ग्यारेजलगायत हरेक सानाठूला फयाक्ट्रीमा आज सामानको दिगोपन र मुनाफाको कामना गर्दै पूजा गर्ने गरिन्छ । पूजा गरिसकेपछि दिनभर ती सामानको प्रयोग नगर्ने चलन पनि छ । यस अवसरमा केहीले विश्वकर्माको मूर्ति बनाई पूजा गर्ने र प्रसाद चढाउने पनि गर्दछन् । आज पूजा गरिएको मूर्तिलाई भोलि बिहान नजिकैको खोला वा नदीमा लगि विसर्जन गरेपछि विश्वकर्मा पूजा समापन हुन्छ ।

फलामको क्षेत्रमा काम गर्ने मजदुरहरुलाई आजका दिन बिदा पनि दिने चलन छ । यस दिन आफ्नो फलामे औजारको पूजा गर्नाले लामो समयसम्म टिक्ने जनविश्वास छ । द्वापर युगमा भगवान् कृष्णलाई राक्षसले दुःख दिएपछि विश्वकर्माले समुन्द्रको बीचमा भेदद्वारका बनाई लुकाएको धार्मिक विश्वास छ । एकै रातमा समुन्द्रको बीचमा 'भेदद्वार' को निर्माण गरेकाले विश्वकर्मालाई सफल वास्तुविद्का रुपमा मानी त्यसै समयदेखि पूजाआजा गर्ने परम्परा बसेको हो ।


**विश्वकर्मा पूजाको हार्दिक शुभकामना**


**विश्वकर्मा पूजा २०८१ को पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**सारा मोटर कर्प्स**


**एण्ड लक्ष्मी मोटो केयर प्रा.लि.**

तानसेन-३, होलाङ्दी, पाल्पा

सम्पर्क नं. : ९८५७०८२५७१, ९८५७०६२१३१, ९८५७०८२४०२

**विश्वकर्मा बाबा की जय ! जय !! जय !!!**





*विश्वकर्मा पूजा २०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।*

*हामीकहाँ दशैं-तिहारलाई लक्षित गरी बजाज कम्पनीको मोटरसाइकल खरिदमा विशेष अफर समेत रहेको जानकारी गराउँदछौं ।*

**न्यू भैरव अटो मोवाइल**

लहरेपिपल, तानसेन, पाल्पा

सम्पर्क नं. : ०७५-५२१३४९, ९८५७०६५५४९, ९८४७५१३५७२

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## विज्ञान दिवसको सान्दर्भिकता

राष्ट्रिय विज्ञान दिवस प्रत्येक वर्ष असोज १ गतेका दिन नेपालभर मनाइने गरिन्छ । यस वर्षको दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । देशका सबै वर्ग, समुदाय तथा पेसागत क्षेत्रका व्यक्ति तथा संस्थाहरूलाई विज्ञान तथा प्रविधिको क्षेत्रमा योगदान पुर्‍याउने गरी परिचालन गर्ने तथा विज्ञान तथा प्रविधि विषयमा जनचेतना बढाउने, नीति निर्मातादेखि तल्लो तहका जनतासम्म यो प्रक्रियामा सक्रिय भूमिका निभाउने अवस्था सिर्जना गर्नका लागि सचेतनामूलक र अभियानमुखी काम गर्ने उद्देश्यले प्रत्येक वर्षको असोज १ गतेलाई राष्ट्रिय विज्ञान दिवसको रूपमा मनाउने गरिन्छ । प्रधानमन्त्री डा. बाबुराम भट्टराईको नेतृत्वमा गठित संयुक्त सरकारले विसं २०६९ मा निर्णय गरेर विसं २०७० देखि राष्ट्रिय विज्ञान दिवस मनाउन थालिएको हो ।

समाजको सकारात्मक परिवर्तन अर्थात् विकास आममानिसको चाहना हो । यही आवश्यकतालाई परिपूर्ति गर्न नवीनतम् विज्ञान र प्रविधिद्वारा समुन्नत समाज निर्माणमा यो दिवसले महत्वपूर्ण टेवा पुर्‍याउँछ । विज्ञानकै माध्यमद्वारा वर्तमान समाजलाई सु–सूचित गराउँदै प्रविधिमूलक शिक्षा, स्वास्थ्य लगायत हरेक क्षेत्र समृद्धि हासिल गर्नु गराउनु यस दिवसको प्रतिकात्मक सन्देश पनि हो । तर वैज्ञानिक प्रगतिलाई उचित तरिकाले उपयोग गर्न नसकेकै कारण देशले आर्थिक विकासमा फड्को मार्न सकिरहेको छैन । यो अत्यन्त दुखको कुरा हो । नेपाल जस्तै अन्य मुलुकहरुले विज्ञान र प्रविधिको उच्चतम प्रयोग गरी अहिले समृद्ध राष्ट्रको रुपमा परिचत बन्न सफल भएका छन् ,नेपाल भने विज्ञान र प्रविधिको प्रयोगमा अझै पनि पछाडी नै छ । आर्थिक विकास गर्न आवश्यक पर्ने न्यूनतम वैज्ञानिक तथा प्राविधिक मानव संसाधन देशमा उपलब्ध भए पनि तर, ठोस राष्ट्रिय नीति र कार्यक्रमको अभावमा राज्यले विकासको कार्यमा प्रयोग गर्न सकिरहेको छैन् । देशभित्र उचित अवसर नपाएर कैयौं युवा वैज्ञानिक तथा प्राविधिज्ञ पलायन भइरहेका छन् । नेपालमा विज्ञान प्रविधिको उचित विकास हुन नसक्नुको कतिपय कारणमध्ये राजनीतिकर्मी र वैज्ञानिकबीचको नियमित र निकट अन्तर्क्रिया र संवादको अभाव पनि हो । वैज्ञानिक समुदायबाट राजनीतिकर्मीलाई आर्थिक विकासमा विज्ञान र प्रविधिको भूमिका बुझाउने पर्याप्त प्रयास भएको छैन् । राजनीतिकर्मीले पनि वैज्ञानिक समुदायलाई देशको नीति निर्माणमा सक्रियरुपमा संलग्न गराउने प्रयास गरेका छैनन् । यसले गर्दा पनि विज्ञान प्रविधिको विकासलाई देशको आर्थिक विकाससँग जोड्ने काम सफलतापूर्वक हुनसकेको छैन् । यसर्थ विज्ञान प्रविधिमार्फत देशको आर्थिक विकास गर्न राजनीतिकर्मी र वैज्ञानिकबीच निकट र निरन्तर सहकार्य हुन जरुरी छ । यसो भयो भने मात्र दिवस मनाउनुले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

तागत शब्दमा राख्नुस, आवाजमा होइन
किनकी बाली बर्षाले उमार्छ, बाढीले होइन !
*(माया सारुकोफेसबुक स्टाटसबाट https://www.facebook.com/Maya.Saru )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैदेशिक रोजगार, युवा पलायन र जनसंख्याको अवस्था



**अजय सुवेदी**

केही दिनअगाडि सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले एक सार्वजनिक कार्यक्रममा नेपाली युवालाई चाँडो बिहे गरी सन्तान जन्माउन आग्रह गरे । यस अभिव्यक्तिले नेपालको जनसंख्याको भावीस्वरूप ठिक छैन भनेर बुझ्न कठिन छैन । प्राय: बुद्धिजीवीले विद्यमान नेपालको जनसंख्यालाई लिएर निकै चिन्ता व्यक्त गरेको देखिन्छ । दिनहुँ वैदेशिक रोजगारी तथा अध्ययनको सिलसिलामा बिदेसिने युवाको ताँतीले यस्ता चिन्तालाई बल प्रदान गरेको छ । केन्द्रीय तथ्याङ्क कार्यालयले समय-समयमा सार्वजनिक गर्ने प्रतिवेदनमा उल्लेख हुने जनसंख्याको घट्दो वृद्धिदर, जनसंख्याको असमान वितरण र घट्दो लैङ्गिक अनुपातले हाम्रो भावी जनसंख्याको स्वरूप सुखद छैन भन्ने तथ्यलाई उजागर गरेका छन् । विकसित देशमा जनसंख्या संकटका कारण त्यहाँका सरकारले प्रजनन दर बढाउन विभिन्न कार्यक्रम घोषणा गरेको सुनिन्छ । अब नेपाल पनि सोही पदचापतिर जान बाध्य हुने परिस्थितिको निर्माण भएको देखिन्छ । यसका केही छनक पालिकाहरुमा देखिइसकेका छ । जस्तो : कतिपय स्थानीय तहहरूले छोरी जन्माउने दम्पतीलाई पुरस्कार दिने, कतिपय पालिकाले बसाइँसराइ आउनेलाई जग्गा दिनेसम्मका कार्यक्रम ल्याउन थालेका छन् । विराटनगर महानगरपालिकाले दुई छोरी जन्माउने आमाबाबुलाई २५ हजार रुपैयाँ अक्षयकोष स्थापना गर्ने कार्यक्रम सार्वजनिक गरेको देखिन्छ भने दोगडाकेर गाउँपालिकाले छोरी जन्माउने अभिभावकलाई एक हजार भत्ता दिने नीति अख्तियार गरेको छ । पालिकाहरूले यस्ता कार्यक्रम तर्जुमा गर्दा घट्दो लैङ्गिक अनुपातलाई विचार गरेको पाइन्छ । केही दिनअघि राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनमा नेपालको लैङ्गिक अनुपात दक्षिण एसियाका अन्य देशको भन्दा कम र चीनको समान रहेको उल्लेख गरेको थियो । पछिल्लो जनगणनाअनुसार कुल जनसंख्यामा महिलाको संख्या बढी छ, तर राष्ट्रिय तथ्यांक कार्यालयको पछिल्लो (गएको साउनमा सार्वजनिक ) तथ्यांक अनुसार १७ वर्षभन्दा कम उमेर समूहका बालबालिकामा बालकको तुलनामा बालिकाको संख्या कम छ । अर्कोतिर भौगोलिक हिसाबले नेपालको जनसंख्याको वितरण निकै असमान रहेको छ । तथ्याङ्क कार्यालयले पछिल्लोपटक सार्वजनिक गरेका प्रतिवेदनमा ३४ वटा जिल्लामा नकारात्मक जनसंख्या वृद्धिदर रहेको देखिन्छ । मुलुकको १७ प्रतिशत भू-भाग ओगट्ने तराई मधेसमा मात्र आधाभन्दा बढी जनसंख्या रहेको छ । अहिले नेपालको जनसंख्या तराई, भित्री मधेस, पहाडका मुख्य सहरहरू काठमाडौँ उपत्यका, पोखरा, सुर्खेतजस्ता ठाउँमा सघन छ । अहिले नेपालका ग्रामीण बस्तीहरू रित्तिँदै छन् । त्यसैले खेतीयोग्य जमिन बाँझो रहनुका साथै स्थानीयवासीबिच सामाजिक तथा सांस्कृतिक सहयोग समेत नपाउने अवस्था छ । बेलायत लगायत पश्चिम युरोपमा १८औं शताब्दीमा भएको औद्योगिक क्रान्तिको परिणामस्वरूप अर्थतन्त्रमा संरचनात्मक परिवर्तन देखिएको थियो । त्यहाँ ग्रामीण जनसंख्या बसाइँ सरेर आउँदा सहरी जनसंख्या बढेको थियो । अहिले नेपालमा ठिक त्यस्तै भएको छ, फरक यही हो कि हामीकहाँ औद्योगिक विकासले जनसंख्या सहर केन्द्रित भएको भने होइन ।

**जनगणनाको इतिहास :** नेपालमा सरकारी तवरले पहिलो जनगणना चन्द्रशमशेरका पाला (१९६८ साल)मा भएको थियो । सेन्सस गोश्वारा (हालको राष्ट्रिय तथ्याङ्क कार्यालय जस्तो निकाय)ले गरेको उक्त जनगणनामा नेपालको जनसंख्या ५६ लाख रहेको देखिन्छ । त्यसपछि सम्पन भएका दुई जनगणनामा जनसङख्याको वृद्धिदर नकारात्मक रहेको पाइन्छ । त्यस अवधि (१९६८-१९८८ साल) मा नेपालका किन जनसंख्या वृद्धि हुन सकेन भन्ने सवालमा फरक-फरक मत रहेको देखिन्छ । कतिपय जानकारका अनुसार त्यसबखत एकातिर महामारी (हैजा, बिफर लगायत) फैलिएको थियो, अर्कोतिर प्रथम विश्वयुद्धमा पहाडी मूलका जनजाति युवाहरू अङ्ग्रेजको पक्षमा लड्न विश्व युद्धमा होमिएकाले तथ्याङ्कमा न्यून जनसंख्या देखियो । एकथरी इतिहासकारका अनुसार, त्यस बखतको जनगणना विधिमै त्रुटि भएकाले वास्तविक तथ्याङ्क नआएको हुन सक्छ । १९८८ सालदेखि नेपालको जनसंख्या वृद्धिदर निरन्तर बढेर २०३८ सालसम्म आइपुग्दा वार्षिक जनसंख्या वृद्धिदर २.६२ प्रतिशतसम्म पुगेको देखिन्छ, जुन अहिलेसम्मकै उच्चतम वृद्धिदर रहेको छ । जब कि २०४८ सालमा वार्षिक जनसंख्या वृद्धिदर २.२५ प्रतिशत, २०५८ सालमा २.०८ प्रतिशत र २०६८ सालमा १.३५ प्रतिशत थियो भने पछिल्लो जनगणनासम्म आइपुग्दा जनसंख्या वृद्धिदर ०.९३ प्रतिशतमा झरेको छ । पञ्चायतकालमा जनसंख्या वृद्धिदरलाई नियन्त्रण गर्ने नीति राज्यले अख्तियार गरेको देखिन्छ । उक्त कालमा 'एक सम्पत्ति दुई सन्तान, ईश्वरको वरदान' भन्ने नारा निकै लोकप्रिय थियो । त्यसबखत आर्थिक वृद्धिदर न्यून भएकाले राज्यलाई आर्थिक स्रोत-साधनसँग तादात्म्यता मिलाउन जनसंख्या नियन्त्रणका औजार प्रयोग गरेको पाइन्छ । पञ्चायतकालमा ग्रामीण तथा कृषि अर्थतन्त्रको हिस्सा अधिक थियो भने वैदेशिक रोजगारको अवसर अहिलेजस्तो थिएन । सानो उमेरमा बिहे गर्ने र पुरुषहरु पनि घरमै बसेर कृषि कर्म गर्ने हुँदा जनसंख्या वृद्धिमा सघाउ पुग्यो । पछिल्लो समय जनसंख्या वृद्धिदर घट्नुमा विभिन्न तर्क प्रकट हुने गरेका छन् । हालको जनसांख्यिकी संरचनामा आर्थिक रूपले सक्रिय जनसंख्या हिस्सा ६२ प्रतिशत रहेको तथ्याङ्क कार्यालयको प्रतिवेदनमा उल्लेख छ । यो समय आर्थिक विकासमा फड्को मार्ने अनुकूल समय रहेको अर्थशास्त्रीहरूले बताउँदै आएका छन् । अर्थशास्त्री तथा प्रतिनिधिसभा सदस्य स्वर्णिम वाग्लेले आफ्नो पुस्तक 'अतृप्त अवसर'मा भनेका छन्– नेपालको आर्थिक विकासको रथ हाँक्ने अनुकूल अवसर यही हो, यसलाई उपयोग नगर्ने हो भने नेपाल धनी नहुँदै बुढो हुनेछ । यद्यपि यतिखेर हाम्रो सक्रिय जनशक्ति वैदेशिक रोजगारीमा केन्द्रित छ । हाम्रो जनसंख्या नीति, २०७१ ले जनसंख्यालाई विकाससँग एकीकरण गर्ने उद्देश्य लिएको छ । सन् २०३४ सम्म वार्षिक जनसंख्या वृद्धि १.१ प्रतिशत कायम गर्ने लक्ष्य राखेकामा सन् २०२१ मा आइपुग्दा उक्त दरभन्दा तल झरेको देखिन्छ । नेपालमा हाल अनियन्त्रित बसाइँसराइ र अव्यवस्थित सहरीकरणले समेत जनसंख्या व्यवस्थापनमा चुनौती थपेको देखिन्छ ।

**वैदेशिक रोजगार अवस्था :** नेपालमा वैदेशिक रोजगारको अवस्था हेर्दा– १ प्रतिशत दक्ष कामदार, २४ प्रतिशत अर्धदक्ष कामदार र ७४ प्रतिशत अदक्ष कामदार गन्तव्य मुलुकमा जाने गरेको देखिन्छ । वैदेशिक रोजगारमा अदक्ष कामदारको हिस्सा बढी भएकाले प्रतिव्यक्ति विप्रेषण समेत कम रहेको तथ्यांकले देखाउँछ । औसतमा प्रतिव्यक्ति प्रतिमहिना ३० हजार रुपैयाँको हाराहारीमा विप्रेषण स्वदेशमा प्रवाह हुने गरेको छ । वैदेशिक रोजगारमा बढी निर्भर रहेका फिलिपिन्स, श्रीलङ्का पाकिस्थानजस्ता मुलुकले वैदेशिक रोजगारलाई निकै व्यवस्थित गरेका छन् । सीपयुक्त जनशक्ति विदेश पठाउने, विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगाउने, कामदारको सुरक्षाको निमित्त राज्यस्तरमा उचित प्रबन्ध गर्ने लगायत कार्य उनीहरुले गरेका छन् । नेपालको वैदेशिक रोजगार असुरक्षित छ । दुई दिनमा तीनवटा शव नेपाल आउने गर्छन् । अहिलेसम्म हजारौँ नेपालीले वैदेशिक रोजगारबाट ज्यान गुमाएका छन् भने त्यति नै संख्यामा अंगभंग भई फर्कने छन् । नेपालीहरू विदेशमा जोखिम, फोहोरी र कठिन काममा संलग्न भएको देखिन्छ । कतार विश्वकपको पूर्वसन्ध्यामा एउटा अन्तर्राष्ट्रिय संस्थाले गरेको अध्ययनले कतारमा नेपाली कामदारको अवस्थालाई आधुनिक दास प्रथा भनी उल्लेख गरेको थियो । हामीकहाँ सन् १९९० पछि सर्वसाधारणको पार्सपोटको पहुँच बढ्न थाल्यो । २०५३ सालबाट जिल्ला प्रशासन कार्यालयबाट समेत राहदानी प्राप्त गर्ने व्यवस्थाले ग्रामीण जनताको वैदेशिक रोजगारमा पहुँच वृद्धि हुन पुग्यो । एकातिर विश्वव्यापीकरण र उदारीकरणको लहर, अर्कोतिर मध्यपूर्वका देशमा कच्चा तेलको उत्खनन र सोबाट प्राप्त आम्दानीले भौतिक पूर्वाधारका क्षेत्रमा लगानी बढ्न थाल्यो । मध्यपूर्वका देशबाट तुलनात्मक रूपमा न्यून ज्याला भए पुग्ने अदक्ष कामदारको मागले गर्दा नेपालीका लागि त्यो अवसर हुन पुग्यो । शासक वर्गहरू देशमा युवा टिकाउने योजना तथा कार्यक्रमतिर लागेनन् । आज हाम्रो अर्थतन्त्र विप्रेषणमुखी हुन पुगेको छ । यसो हुँदैनथ्यो भने हाल ७६१ वटा (स्थानीय, प्रदेश र संघीय) सरकारको खर्च जोहो गर्न राज्यलाई निकै कठिन हुने थियो । नेपालमा प्रत्येक वर्ष पाँच लाख युवा श्रम बजारमा आउने सरकारी तथ्याङ्कले देखाउँछन् । तर आन्तरिक श्रम बजारमा करिब ५० हजार युवालाई मात्र रोजगारीको अवसर छ । बाँकी युवाका लागि वैदेशिक रोजगारबाहेक अरु केही विकल्प देखिँदैन । वैदेशिक रोजगारमा जानुलाई अहिलेको विश्वव्यापीकरणको समयमा स्वाभाविक मानिन्छ । यद्यपि दुई छाक खान र परिवार पाल्नका लागि वैदेशिक रोजगारमा जानुपर्ने बाध्यात्मक अवस्थालाई राज्यले नजर अन्दाज गर्नु हुँदैन । देशमै स्थापित भएर बसेका पेसाकर्मीहरू, कर्मचारी, शिक्षक, प्राध्यापक र खेलाडीहरू समेत एक करोडको हाराहारीमा खर्च गरेर जोखिमपूर्ण बाटोबाट अमेरिका गएको समाचार प्रकाशित भएका थिए । यसबाट के पुष्टि हुन्छ भने देशप्रतिको भरोसा कसैमा छैन । प्रमुख राजनीतिक दलका अधिकांश केन्द्रीय सदस्यका छोराछोरी र अधिकांश उच्च पदस्थ कर्मचारीका छोराछोरी स्वदेशमा छैनन् । देशका शासकलाई स्वदेशप्रति भरोसा छैन भने अरु आमजनतालाई देशप्रतिको भरोसा नहुनु स्वाभाविक हो । युवाहरू १२ कक्षाको पढाइ सकेर विदेश जान परामर्शदाताको कार्यालयमा धाएको देखिन्छ । कलेजहरू विद्यार्थीका लागि भन्दा पनि शिक्षकको जागिर जोगाउनुपर्ने बाध्यताले बन्द भएका छैनन् । विद्यार्थी संख्याको आधारमा हेर्ने हो भने दुईतिहाइ कलेज बन्द भइसक्ने थिए ।

**समाधानको बाटो :** नेपालमा युवा पलायनलाई रोक्ने हो भने पहिलो काम सुशासनका क्षेत्रमा गर्नुपर्ने देखिन्छ । व्याप्त भ्रष्टाचार, अनियमितता, कमसल सार्वजनिक सेवा प्रवाह र सत्ताकेन्द्रित राजनीतिले गर्दा आम नेपालीमा देशप्रतिको विश्वास टुटेको देखिन्छ । टुटेको विश्वास सुशासनबाटै जोड्नुपर्छ । शासक वर्गको प्रतिबद्धता हुने हो भने एकाध महिनामा यसको नतिजा निकाल्न सकिन्छ । यस्तै, रोजगारी सिर्जना तथा उत्पादनमूलक आर्थिक विकासको जरुरी देखिन्छ । राज्यले रोजगारीको ग्यारेन्टी गरेको खण्डमा बाध्यात्मक रोजगारीको समस्या स्वत: समाधान हुन्छ । यसका लागि व्यापक रूपमा लगानी आवश्यक हुन्छ । वैदेशिक लगानी भित्र्याउने, विप्रेषणको उत्पादनमूलक क्षेत्रमा उपयोग गर्ने र सरकारले गर्ने पुँजीगत खर्चको प्रभावकारिता भयो भने आर्थिक वृद्धिमार्फत रोजगारीको सिर्जना हुन्छ, तर यसका लागि सोही अनुसारका कार्यक्रम र परियोजना आवश्यक हुन्छ । शिक्षालाई रोजगारी उद्यम र सीपसँग जोड्न जरुरी छ । साथै विश्वविद्यालयको शिक्षा अन्तर्राष्ट्रिय स्तरको हुनुपर्छ । क्याम्पसमा ताला लगाउने, ठेक्कापट्टामा गरी कमाउने, प्राध्यापकमाथि कुटपिट गर्ने क्रियाकलापमा विद्यार्थी राजनीति केन्द्रित भएकाले अब विश्वविद्यालय राजनीति मुक्त हुन जरुरी छ । परिवर्तित अवस्थामा राज्यले नयाँ जनसंख्या नीति तर्जुमा गर्नुपर्ने देखिन्छ । २०७१ सालमा जारी भएको जनसंख्या नीति संघीयता अनुकूल हुने गरी परिमार्जन गर्न जरुरी देखिन्छ । नेपालको जनगणनासम्बन्धी तथ्याङ्कहरूप्रति विज्ञले प्रश्न उठाउँदै आएका छन् । जनसंख्यासम्बन्धी तथ्याङ्क गलत भएमा तथ्यमा आधारित नीति निर्माण हुँदैनन् र गलत तथ्याङ्कमा बनेका नीतिहरू सफल हुँदैनन् । तसर्थ आगामी दिनमा विश्वसनीय तथ्याङ्क प्रणालीको विकास गर्न आवश्यक छ ।

*-रातोपाटी डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । सम्पत्ति हात पर्ने योग छ। | **तुला** : शुभकार्यको चर्चा चल्नेछ । धार्मिक तथा समाजसेवामा मन लाग्नेछ । |
| **वृष** : आफूलाई कमजोर भएको अनुभूति हुनेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्छ। | **बृश्चिक** : आत्मिक सन्तुष्टि मिल्नेछ । लगनशीलताले काम अगाडि बढ्नेछन् । |
| **मिथुन** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । परिवारमा सुख सन्तोष छाउनेछ । | **धनु** : शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । |
| **कर्कट** : प्रेमीको सहयोग प्राप्त हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **मकर** : अधिकारका लागि संघर्ष गर्नु पर्ला, तर प्रेम सम्बन्धमा मधुरता छाउनेछ । |
| **सिंह** : नयाँ कार्यको योजना बन्नेछ । साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ । | **कुम्भ** : सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ । |
| **कन्या** : मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक समस्या पनि खेप्नु पर्नेछ । | **मिन** : आँटेको र ताकेको कार्य पुरा होला। वित्तिय संस्थाबाट सहयोग पाइनेछ । |

# विज्ञान/सूचना प्रविधि

## इरानद्वारा नयाँ अनुसन्धान उपग्रह अन्तरिक्षमा प्रक्षेपण



लामो समयदेखि पश्चिमा आलोचना खेप्दै आएको एयरोस्पेस कार्यक्रमका लागि इरानले नयाँ अनुसन्धान उपग्रह प्रक्षेपण गरेको इरानी सञ्चारमाध्यमले जनाएका छन् । 'चाम्रन-१ अनुसन्धान उपग्रहलाई गाएम-१०० रकेटले सफलतापूर्वक प्रक्षेपण गरी कक्षमा स्थापित गरेको छ,' राष्ट्रिय टेलिभिजनले जनाएको छ । करिब ६० किलोग्राम (१३२ पाउण्ड) तौल भएको उक्त स्याटेलाइटलाई कक्षीय प्रविधिका लागि हार्डवेयर र सफ्टवेयर प्रणालीको परीक्षण गर्न डिजाइन गरिएको समाचारमा जनाइएको छ । रक्षा मन्त्रालयसँग सम्बद्ध इरानी विद्युतीय उद्योगले यो उपकरणको डिजाइन बनाई र निर्माण गरेको सरकारी टेलिभिजनले जनाएको छ । संयुक्त राज्य अमेरिकालगायत पश्चिमा सरकारहरूले इरानलाई यस्ता प्रक्षेपणविरुद्ध बारम्बार चेतावनी दिँदै आएका छन् र यही प्रविधि ब्यालिस्टिक क्षेप्यास्त्रका लागि प्रयोग गर्न सकिने बताउँदै आएका छन् । इरानले आणविक अस्त्रको खोजी नगरेको र आफ्नो स्याटेलाइट र रकेट प्रक्षेपण नागरिक वा प्रतिरक्षा प्रयोजनका लागि मात्र भएको बताउँदै आएको छ । इरानको रिभोल्युसनरी गार्ड कोर्प्सको अन्तरीक्ष हेर्ने सङ्गठनले गाएम-१०० रकेटको निर्माण गरेको हो । यो क्यारियर देशको पहिलो र तीन तहको ठोस-ईन्धन उपग्रह प्रक्षेपक हो । इरानी सरकारी सञ्चारमाध्यमले जनवरीमा ५०० किलोमिटर भन्दा माथिको कक्षमा पहिलो पटक उपग्रह पठाउनको लागि यसको प्रयोग गरेको जनाएका छन् । इरानले वर्षौंदेखि आफ्नो अन्त्रिक्ष गतिविधिलाई शान्तिपूर्ण र संयुक्त राष्ट्रसैको सुरक्षा परिषद्को प्रस्तावअनुसार रहेको बताउँदै आएको छ । गत फेब्रुअरीमा रूसले इरानी रिमोट सेन्सिङ र इमेजिङ स्याटेलाइटलाई अन्तरिक्षमा पठाएको थियो । त्यतिबेला इरानका सञ्चारमन्त्रीले विगत दुई वर्षमा इरानले एक दर्जन स्याटेलाइट प्रक्षेपण गरिसकेको बताएका छन् । गार्ड्सले एउटा अनुसन्धान उपग्रह प्रक्षेपण गरेको करिब एक हप्तापछि जनवरीमा इरानले एकैपटक तीन वटा उपग्रहलाई कक्षमा पठाएको बताएको थियो । इस्लामिक गणतन्त्र इरानले विगतमा धेरै उपग्रह प्रक्षेपण विफलताहरूको सामना गर्नुपरेको छ। सन् २०१८ मा तत्कालीन राष्ट्रपति डोनाल्ड ट्रम्पको नेतृत्वमा रहेको संयुक्त राज्य अमेरिकाले तेहरान र प्रमुख शक्तिराष्ट्रहरूबीच भएको ऐतिहासिक आणविक सम्झौतालाई एकतर्फी रूपमा त्यागेपछि इरानले वर्षौंदेखि पश्चिमा प्रतिबन्धहरूको सामना गर्दै आएको छ । युक्रेनमा प्रयोगका लागि रूसलाई ब्यालेस्टिक क्षेप्यास्त्र आपूर्ति गरेको आरोपमा इरानले बिहीबार युरोपका चार राजदूतसँग स्पष्टीकरण मागेको छ ।

*-रातोपाटी डटकम*

## हुवावेले सार्वजनिक गऱ्यो 'ट्राई-फोल्ड' फोन



हुवावेले विश्वकै पहिलो 'ट्राई-फोल्ड' स्मार्टफोन सार्वजनिक गरेको छ । अमेरिकी कम्पनी एप्पलले आइफोन १६ सार्वजनिक गरेलगत्तै हुवावेले हुवावे मेट एक्सटी ट्राई-फोन सार्वजनिक गरेको हो । वासिंगटन र बेइजिङबीचको भूराजनीतिक तनावपछि अमेरिकी प्रतिबन्धको सामना गरिरहेको कम्पनीले फेरि पनि एप्पललाई टक्कर दिन खोजेको चर्चा भइरहेको छ । हालसम्म मेट एक्सटीको ३७ लाखभन्दा बढी प्रिअर्डर भइसकेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । यो फोन सफल भए हुवावेको 'कमब्याक'लाई थप मद्दत पुग्ने छ ।

हुवावेको कन्जुमर बिजनेसका अध्यक्ष यू चेङडोङ (रिचर्ड यू)ले यस फोनको विकासमा पाँच वर्ष लागेको बताएका छन् । "हुवावे मेट एक्सटी विश्वकै पहिलो ट्रिपल-फोल्ड र सबैभन्दा ठूलो तथा पातलो फोल्डेबल स्मार्टफोन हो," यूले भने, "स्मार्टफोनमा बाहिरी फोल्डिङ र ग्यापबीनको भित्रि फोल्डिङ हासिल गर्नेमा हामी पहिलो भएका छौं ।" तीनवटा प्यानल भएको मेट एक्सटीलाई तीनपटक फोल्ड गर्न सकिन्छ । यो रातो र कालो रङमा उपलब्ध छ । यसअघि पनि हुवावेले ल्याएका विशेष फोन मेट ६० र मेट एक्स ५ सहित अहिलेको नयाँ फोनले एप्पललाई चिनियाँ बजारमा चुनौती दिने बताइएको छ । एप्पलको दोस्रो बजार चीनको हिस्सा एप्पलको व्यापारमा करिब २० प्रतिशत छ । हुवावे मेट एक्सटीको मूल्य २० हजार युआन आर्थत् करिब तीन लाख ७७ हजार ५४५ रुपैयाँ तोकिएको छ । फोन १६ जीबी ऱ्याम र ५१२ जीबी वा एक टेराबाइट स्टोरेजको विकल्पमा उपलब्ध छ । मार्केट रिसर्च फर्म क्यानलिसकी रिसर्च म्यानेजर एम्बर लिउले एक वर्षको अवधिमा चिनियाँ स्मार्टफोन बजारमा प्रमुख पाँच स्थान चीनकै ब्रान्डले बनाएको बताएकी छन् । यस्तो अवस्थामा आइफोन १६ सार्वजनिक भएकै दिन हुवावेले विश्वकै पहिलो ट्राइ-फोल्ड स्मार्टफोन सार्वजनिक गरेको हो ।

*-बाह्रखरी डटकम*


## घरेलु तथा साना उद्योग कार्यालय
### तानसेन, पाल्पा

**व्यवसायिक तथा सीपमूलक तालिम प्राप्त गर्न इच्छुक व्यक्तिहरुले आवेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति २०८१/०६/०१**

यस कार्यालयको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गत सञ्चालन हुने तपसिल बमोजिमका व्यवसायिक तथा सीपमूलक तालिममा सहभागी हुन ईच्छुक व्यक्तिहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको इमेल : csiopalpa@gmail.com मार्फत तोकिएको ढाँचामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.सं. | तालिमको विवरण | सहभागी संख्या | तालिम अवधि | तालिम सञ्चालन हुने मिति र स्थान |
|---|---|---|---|---|
| १. | Dhaka Weaver Training ४४४ घण्टे | १५ जना | ४४४ घण्टा | पछि तय गरिने |
| २. | Motorcycle Machanic Training ३९० घण्टे | १५ जना | ३९० घण्टा | पछि तय गरिने |
| ३. | [illegible] तालिम | १५ जना | पाठ्यक्रम अनुसार | पछि तय गरिने |
| ४. | [illegible] निर्माण तालिम | १५ जना | पाठ्यक्रम अनुसार | पछि तय गरिने |

**नोट :**
- निवेदक १८ वर्ष पूरा भएको, लुम्बिनी प्रदेश भित्र स्थायी बसोवास भएको हुनुपर्नेछ ।(पाल्पा जिल्लाका स्थायी बासिन्दालाई प्राथमिकता हुनेछ )
- माथि उल्लेखित तालिम कार्यक्रमका लागि कम्तिमा १५ जना व्यक्तिहरुको आवेदन पेश नभएमा उक्त तालिम सञ्चालन गरिने छैन ।
- बुदाँ नं.१ र २ तालिमको हकमा तालिम पश्चात सीप परिक्षणमा समेत अनिवार्य सहभागी हुनुपर्नेछ ।
- प्रारम्भिक तालिमको हकमा यस भन्दा अगाडि सोही प्रकृतिको तालिम नलिएको स्वघोषणा पेश गर्नुपर्नेछ ।
- प्रशिक्षार्थीको योग्यता, छनौट, आचारसंहिता तथा तालिम सम्बन्धी अन्य कार्यविधि लुम्बिनी प्रदेश सरकारको "व्यवसायिक तथा सीपमूलक तालिम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१'' बमोजिम हुनेछ ।
- तालिम आवेदन फारम कार्यालयबाट वा कार्यालयको **फेसबुक पेज घरेलु उद्योग कार्यालय पाल्पा** बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।

(थप जानकारीको लागि घरेलु तथा साना उद्योग कार्यालय, पाल्पाको फोन नं.०७५-५२०२३२ वा उद्यम विकास सहजकर्ता (मनोज घिमिरे) को मो.नं. ९८५७०८३४३२ मा सम्पर्क गर्न सकिनेछ।)


## अपराधीका लागि स्वर्ग बनेको इन्टरनेटको डार्क वेब



करिब ९ महिनाअघि एउटा सामाग्री तयार पार्नका लागि मैले अनुसन्धान गरिरहेको थिएँ। त्यसक्रममा थाहा भयो कि मलाई एक टेलीग्राम च्यानलमा जोडिएको रहेछ जुन पूर्ण रूपमा लागुऔषध बेच्नमा केन्द्रित थियो। त्यसपछि, मलाई अर्को च्यानलमा जोडियो जुन ह्याकिङसँग सम्बन्धित थियो। अनि चोरी भएका क्रेडिट कार्डहरूसँग सम्बन्धित अर्को च्यानलमा पनि मलाई जोडियो । आखिर किन यस्तो भइरहेको छ ? ध्यानपूर्वक हेर्दा मलाई थाहा भयो कि टेलीग्रामको सेटिङ्सका कारणले गर्दा यस्तो भएको हो । टेलिग्राममा यस्तो सेटिंग्स छ जसले प्रयोगकर्ताको अनुमति विनै उसलाई विभिन्न च्यानलमा जोड्न सकिन्छ । यसका बावजुद मैले आफ्नो टेलिग्राम अकाउन्टका सेटिङ परिवर्तन गरिन । मलाई केही महिनाभित्रै ८२ वटा विभिन्न ग्रुपमा जोडिएको थियो । फेरि एक दिन मैले यो सिलसिला रोक्ने निर्णय गरेँ र ऐपको सेटिङ्स परिवर्तन गरेँ । त्यसपछि यी सिलसिला सबै बन्द भए । तर, अहिले जब मैले एपमा लग इन गर्छु, मेरो सामु टेलीग्राममा रहेका अत्यन्त सक्रिय दर्जनौं अवैध ग्रुप्सका हजारौं नयाँ म्यासेजहरू तैरिरहेका छन् । यसबीच, टेलीग्रामका अरबपति सिईओको फ्रान्समा गिरफ्तारीले यस एपमा नियमनको बारेमा नयाँ बहस सुरु गरेको छ । टेलीग्रामका मुख्य कार्यकारी अधिकृत (सीईओ) पावेल दुरोभलाई टेलीग्राममा अवैध लेनदेन, ड्रग्सको तस्करी, ठगी र बालबालिकाको यौन दुर्व्यवहारसँग सम्बन्धित तस्बिरहरूको प्रसारमा संलग्नताको आरोप लगाइएको छ ।

**आफ्नै खल्तीमा रहेको डार्क वेब** : हुन त अन्य सामाजिक सञ्जालहरूमा पनि आपराधिक गतिविधिहरू भइरहेका छन् भन्नेमा कुनै संदेह छैन । तथापि साइबर-सिक्योरिटी पाडकास्टर प्याट्रिक ग्रेले त टेलीग्रामलाई 'तपाईंको खल्तीमा रहेको डार्क वेब' भनी नामाकरण गरेबाट यो अन्य सामाजिक सञ्जालभन्दा खतरापूर्ण रहेको प्रष्ट हुन्छ । डार्क वेब इन्टरनेटको त्यो हिस्सा हो जहाँ विशेष सफ्टवेयर र जानकारीको माध्यमबाट मात्र पहुँच गर्न सकिन्छ । सन् २०११ मा सिल्क रोड मार्केटप्लेसको लन्च पछि, गैरकानूनी सामान र सेवाहरू बेच्ने वेबसाइटहरूको एउटा पूरै श्रृंखला देखापरेको छ । टेलिग्राम सिइओ दुरोभको गिरफ्तारीका विषयमा प्याट्रिक ग्रेले आफ्नो पाडकास्ट 'रिस्की बिजनेस' मा टिप्पणी गर्दै भने: टेलीग्राम लामो समयदेखि अपराधको स्वर्ग बनेको छ । उनले भनेका ५न् हामी टेलीग्राममा प्रसारित भइरहेको बालबालिकाको यौन दुर्व्यवहारसँग सम्बन्धित सामग्री, ड्रग्सको व्यापार, र आपराधिक गतिविधिहरूको डार्क वेब स्तरमा पुग्ने मुद्दा बारम्बार उठाउँदै आएका छौं । तर, टेलीग्राम यसलाई रोक्नको लागि केही गर्न सकेको छैन ।

डार्क वेब अपराधीहरूको लागि रोजाइको स्थान हो किनकि यसले अपराध गरेर गुमनाम रहन सजिलो बनाउँछ। वास्तवमा, विश्वभरि इन्टरनेट ट्राफिकको प्रचुरता छ जसले व्यक्तिहरूको अवस्थितिलाई लुकाउन सहयोग गर्दछ । यसैले टेलीग्राम जस्ता सामाजिक च्यानलहरूमा केही युजरनेमको पछाडि वास्तवमा को व्यक्ति छ भनेर थाहा पाउनु अत्यन्तै कठिन हुन्छ ।

**टेलीग्रामको रवैयाले बढायो चिन्ता** : ९ हजार ११९ सदस्यहरु रहेको एक ड्रग्स ग्रुपमा गाँजा, गाँजाका कुकीहरू र अवैध नशालु पदार्थका कारोबारीहरुको अड्डा छ । यसमा उत्पादन र ग्राहक । त्यस्तै ६ हजार २३५ सदस्यहरूको ड्रग्ससँग सम्बन्धित एक च्यानलमा विभिन्न प्रकारका नशालु पदार्थहरू उपलब्ध छन् । यस च्यानलमा शहरमा कहाँ-कहाँ नशालु पदार्थहरू प्राप्त गर्न सकिन्छ भन्ने जानकारी पनि दिइन्छ ।

साइबर सिक्योरिटी कम्पनी इंटेल४७ का शोधकर्ताहरूले भनेका छन्, 'टेलीग्रामभन्दा पहिले यस प्रकारका गतिविधिहरू लुप्त डार्क वेब सेवाहरूको प्रयोग गरेर अनलाइन मार्केटमा भइरहेका थिए । तर अब, साना स्तरका साइबर अपराधीहरूको लागि टेलीग्राम सबैभन्दा लोकप्रिय अनलाइन बजार बनेको छ ।'

केही समय पहिले ह्याकर ग्रुप चिलिनले बेलायतका सरकारी अस्पतालहरूबाट फिरौति असूल्नका लागि रक्त परीक्षणका डाटा सार्वजनिक गरिदिएको थियो। र उसले ती डाटा आफ्नो डार्क वेब वेबसाइटभन्दा पहिले आफ्नो टेलीग्राम च्यानलमा राखेको थियो । स्पेन र दक्षिण कोरियाली छात्राहरूको नक्कली तथा नग्न तस्बिरहरू बनाउन प्रयोग गरिएको डीप फेक सर्भिसले टेलीग्राममा नै आफ्ना सम्पूर्ण गतिविधि सञ्चालन गर्छ । यसमा भुक्तानी सेवा पनि समावेश छ । हुनत इंस्टाग्राममा पनि ड्रग्सको व्यापार गर्ने व्यक्तिहरूलाई भेट्न सकिन्छ । यस्ता सोसल मिडिया साइटहरूमा प्राइभेट च्याट्समार्फत मात्र व्यापार हुन्छ । ड्रग्सको व्यापार गर्नेहरू प्राय: यस्ता साइटहरूमा आफ्ना टेलीग्राम च्यानलहरूको विज्ञापन गरिरहेका हुन्छन् । वास्तवमा, यी व्यक्तिहरू मानिसहरूलाई आफ्ना प्लेटफर्ममा ल्याउन यस्ता विज्ञापनहरू दिन्छन् । बालबालिकासँग यौन दुर्व्यवहारसँग सम्बन्धित सामग्रीमा टेलीग्रामको रवैया टेलीग्रामले भने निश्चित मानकहरुको आधारमा प्लाटफर्मको नियमन हुने गरेको छ । तर उसको दावीको विपरीत प्रमाणहरू रहेका छन् । टेलिग्राम अपराधको एक त्यस्तो क्षेत्रमा पनि संलग्न थियो जुन कमै देखिन्छ र त्यो हो बालबालिकासँग यौन दुर्व्यवहारसँग सम्बन्धित सामग्री । टेलीग्रामले पुलिस र केहि च्यारिटीका तर्फबाट च्यानलका केही सामग्रीहरू हटाउन गरिएको आग्रहको कार्यान्वयन गर्ने भएपनि बालबालिकाको यौन दुर्व्यवहारसँग सम्बन्धित तस्बिर र भिडियोहरू फैलिनबाट रोक्न भने सक्रिय कदम नउठाउने गरेको पाइएको छ । फ्रान्सका सरकारी अभियोजकहरूका अनुसार, टेलिग्रामले आफ्ना च्यानलहरूमा बालबालिकासँग यौन दुर्व्यवहारसँग सम्बन्धित सामग्रीमा निगरानी राख्नका लागि पर्याप्त कदम उठाएको छैन । यो टेलीग्राममाथि लगाइएका आरोपहरूमध्ये एक प्रमुख आरोप थियो । फ्रान्सको बाल संरक्षण एजेन्सी अफमिनका महासचिव ज्या मिशेल बर्निगदले लिंक्डइनमा भनेका छन्, वास्तवमा समस्याको जरो भनेको टेलीग्राममा मोडरेशन र सहयोगको कमी हुनु रहेको छ । विशेष गरी बालबालिकाविरुद्धको अपराधविरुद्धको लडाइँमा टेलीग्रामको रवैया स्पष्ट देखिन्छ । तर टेलीग्रामले आफ्नो साइटमा बालबालिकासँग यौन दुर्व्यवहारसमेत सबै गैरकानूनी गतिविधिहरू रोक्न सक्रिय रूपमा काम गरिररहेको बीबीसीसँग बताएको छ । उसका अनुसार अगस्ट महिनामा मात्रै ४५ हजार यसत्ता ग्रुप विरुद्ध कारवाही गरिएको छ । तर यसले के कार्यवाही गरिएको छ भन्ने जानकारी भने प्रदान गरेको छैन । त्यस्तै सिइओ दुरोभले टेलिग्राममा करीब ३० इन्जिनियरलाई नियुक्त गरेको गत जुनमा बताएका थिए ।

**पुलिसलाई सहयोग गर्दैन टेलिग्राम** : मोडरेशनको नहुनु वा यसको कमी टेलीग्रामको समस्याको केवल एक भाग हो । अर्को ठूलो समस्या भनेको पुलिसलाई सहयोग नगर्नु हो । पुलिसको तर्फबाट अवैध सामग्री हटाउने अनुरोधमा टेलीग्रामको रवैयाको कारण पनि यसलाई आलोचनाको घेरामा राखिएको छ । इन्टरनेटमा विश्वास र सुरक्षा सुनिश्चित गर्न प्रयोग हुने सफ्टवेयर प्लेटफर्म सिंडरका सह-संस्थापक ब्रायन फिशम्यानले लेखेका छन्, 'टेलिग्राम एक अलग स्तरमा छ । यो आईएसआईएसको लागि वर्षौंदेखि एक प्रमुख केन्द्र भएको छ । यो बालबालिकासँग यौन दुर्व्यवहारसँग सम्बन्धित सामग्रीका विरुद्ध पनि कठोर छैन । यसले विद्यमान कानूनी प्रावधानहरूलाई पनि नजरअन्दाज गर्छ ।' कतिपय विश्लेषकहरु चाहीँ टेलीग्रामसँग पुलिसलाई रिपोर्ट गर्नका लागि यस्ता गतिविधिको डेटा नै नभएको बताउँ५न् । वास्तवमा सिग्नल र व्हाट्सएप जस्ता अत्यन्त निजी मोबाइल एप्ससँग पनि यही समस्या छ । यदि प्रयोगकर्ताले कुनै गोप्य च्याट विकल्प अपनाउँछ भने टेलीग्रामले यसलाई अन्य एप्सजस्तै उच्च स्तरको गोपनीयता प्रदान गर्छ । टेलीग्राममा यस्ता सीक्रेट च्याट, सिग्नल र व्हाट्सएप जस्तै छन् जसले एंड-टू-एंड एन्क्रिप्शन (गुप्त कोडमा सन्देश पठाउने सुविधा) प्रदान गर्छन् । यसरी कुनै संवाद र गतिविधिहरू पूर्ण रूपमा निजी रहन्छन् । यहाँसम्म कि टेलीग्रामले पनि तिनीहरूलाई हेर्न सक्दैन । तर टेलीग्राममा यो फिचर डिफल्ट रूपमा सेट गरिएको छैन । त्यसैले टेलीग्राम यसमा भएको सबै सामग्री पढ्न सक्छ र चाहेको खण्डमा पुलिसलाई जानकारी दिन सक्छ । तर यसको सर्तहरू र नियमहरूमा भनिएको छ कि यो यस्तो गर्दैन । फ्रान्सेली अधिकारीहरूका अनुसार फ्रान्स र बेल्जियमको पुलिस र कानून कार्यान्वयन निकायहरुको तर्फबाट गरिएका कानूनी अनुरोधहरू टेलिग्रामले नजरअन्दाज गर्दै आएको छ र यस्तो व्यवहार उसको इतिहास नै बनेको छ ।

*-अनलाइन खबर डटकम*

# पाल्पा-काठमाडौं रात्री 'सोफा सिटर बस' सेवा सञ्चालनमा




भरत शर्मा

**पाल्पा,** भदौ ३१/पाल्पादेखि काठमाडौंका लागि रात्रिकालिन 'सोफा सिटर बस' सेवा सञ्चालन गरिएको छ । पश्चिम नेपाल बस व्यवसायी प्रालिले आइतबारदेखि आरामदायी यात्राका लागि सुविधा सम्पन्न यातायात सेवा सञ्चालनमा ल्याएको हो ।

बसमा फाइप जि वाइफाई सेवा, अत्याधुनिक प्रविधी जडान गरी वातावरणमैत्री धुवा नफाल्ने, एसी र पिउने पानीको सुविधा रहेको प्रा.लिका शाखा प्रमुख डोलराज भट्टराईले बताए । उनका अनुसार बसमा ४१ बटा सोफा सीट र २ बटा यात्रु सुतेर जान पाउने सुविधा रहेको छ । भाडा दर १ हजार ३ सय कायम गरिएको भट्टराईले बताए । बस पाल्पादेखि काठमाडौंका लागि साँझ ७:३० बजे र सोही समयमा काठमाडौंदेखि पाल्पाका लागि छुट्ने प्रा.लिका शाखा सहायक समर थापाले जानकारी दिए ।

पाल्पामा पहिलो पटक सञ्चालनमा आएको यो बसको मूल्य करीब १ करोड परेको प्रालिले जनाएको छ । पछिल्लो समय सुविधा सम्पन्न र महँगो सवारी साधन प्रयोगमा आएता पनि सडकको दुरावस्ताका कारण छिटो विग्रने समस्या रहेको सवारी धनीहरु बताउँछन् । समयको मागसगै यातायात क्षेत्रमा प्रतिस्पर्धा भएका कारण नै यात्रुहरुको सुविधालाई ध्यानमा राखी स्तरिय यातायात सेवा सञ्चालनमा ल्याउनु परेको प्रालिले जनाएको छ ।

छिमेकी जिल्ला गुल्मी, अर्घाखाँचीमा धेरै पहिलादेखि सुविधा सम्पन्न यातायात सञ्चालन हुँदै आए पनि पाल्पामा भने अझै पनि दिवाकालीन समयमा यात्रुहरुले स्तरीय यातायात सुविधा पाउन नसकेको गुनासो रहेको पाइन्छ ।

# 'रोल अफ टेक्निकल' प्रतियोगिता

मन गहिरे

**पाल्पा,** भदौ ३१/जिल्लाको तानासेनमा 'रोल अफ टेक्निकल' प्रतियोगिता भएको छ । टेक्निकल टिचर्स एसोसियन (टिटिए) पाल्पाको आयोजनामा प्राविधिकधार सञ्चालित सामुदायिक विद्यालयस्तरीय माध्यामिक तहको 'रोल अफ टेक्निकल एजुकेसन इनइन्टरनसिप डेभलपमेन्ट' शिर्षकमा सेमिनार (पावर पोइन्ट प्रस्तुतिकरण प्रतियोगितामा) भएको हो ।



प्रतियोगितामा आधारभुत मा.वि.रामपुर प्रथम, जनता मावि तानसेन द्वित्तीय र लक्ष्मी मावि तानसेन तृत्तिय भएका छन् । प्रतियोगितामा प्रथम, द्वित्तीय र तृत्तिय हुन सफल प्रतियोगीलाई जनही पाचँ हजार ,तीन हजार र दुई हजार प्रदान गरिएको थियो ।

सम्पूर्ण विद्यालयहरुलाई पनि जनही नगद पाँचसय र प्रमाण पत्र वितरण गरिएको थियो । प्रतियोगितामा सहभागी जिल्लाका ११ वटा विद्यालयका विद्यार्थीहरुको सहभागी रहेका थिए । कार्यक्रममा प्रमुख अतिथि सेनेटरी प्याडकी संस्थापक सञ्चालक उमा अर्यालले आफु उद्यमी बन्दासम्म भोग्नु परेका संघर्ष र संघर्षपछिको सफलता औल्याउदै आजको परिवेशमा सफल उद्यमी बन्न प्राविधिक शिक्षाको महत्व रहेको उल्लेख गरिन् । कार्यक्रममा विशिष्ट अतिथि शिक्षा तथा समन्वय एकाइ पाल्पाका प्रमुख प्रेमराज खनाल, नेपाल दुरसञ्चार प्राधिकरणका प्रमुख ई.राकेश पाण्डे सुन्तलाजात फलफूल विकास केन्द्रका प्रमुख जोगेन्द्र कान्दु, प्रा.स. अब्दुल सलाम मुशलमान, प्रधानाध्यपक विष्णु सिग्देल, हरि घिमिरे, कृष्ण प्रसाद खनाल लगायतले प्राविधिक शिक्षा आजको आवश्यकता भएकाले टेक्निकल टिर्चस एसोसियसन पाल्पाले उत्कृष्ट कार्य गरेको बताए । यस्ता कार्यक्रमहरु ल्याएर प्रतियोगिता गराउँदा थप हौसला बढेको भन्दै यस्ता कार्यक्रमहरुले निरन्तरता पाउनु पर्ने प्रतियोगितामा सहभागी छात्रा दिक्षा पाण्डेले बताइन् ।

टेक्निकल टिचर्स एसोसियसनका जिल्ला अध्यक्ष इ.तिलकराम भण्डारीको अध्यक्षता, निरज श्रेष्ठको स्वागत, मिथिलेश कुमार कापरी र होम बहादुर खड्काको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

# स्पेनिस लिगामा मड्रिड विजयी




**काठमाडौं,** भदौ ३१/स्पेनिस ला लिगामा एथ्लेटिको मड्रिडले भ्यालेन्सियालाई हराएको छ । आइतबारराति घरेलु मैदानमा भएको खेलमा एथ्लेटिको मड्रिडले भ्यालेन्सियालाई ३-० ले हराएको हो । एथ्लेटिको मड्रिडको जितमा कोनोर गल्लाघेर, एन्टोनी ग्रिजम्यान र जुलियन अल्भारेजले समान १ गोल गरे ।

भ्यालेन्सियाले कुनै पनि गोल फर्काउन सकेन । जितसँगै एथ्लेटिको मड्रिड ५ खेलमा ११ अङ्कसहित दोस्रो स्थानमा छ । भ्यालेन्सिया पुछारमा छ । यसअघि भएको खेलमा एथ्लेटिक क्लवले लस पाल्मसलाई ३-२ ले पराजित गरेको छ । एथ्लेटिक क्लव ५ खेलमा ७ अङ्कसहित आठौं स्थानमा र समान खेलमा २ अङ्क रहेको लस पाल्मस १९ स्थानमा छ । खेलमा शीर्ष स्थानमा रहेको बार्सिलोनाले जिरोनालाई ४-१ ले हराएको थियो । बार्सिलोनाको जितका लागि लामिन यमलले २ तथा डानी ओल्मो र पेड्रीले समान १ गोल गरे । जिरोनाका लागि क्रिस्टियन स्टुआनीले एक गोल गरे । जितसँगै बार्सिलोनाले ५ खेलबाट १५ अंक जोडेको छ । जिरोना समान खेलमा ७ अङ्क जोड्दै सातौं स्थानमा छ ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# सुन तोलाकै १ लाख ५७ हजार ३ सय पुग्यो

**पाल्पा,** भदौ ३१/नेपाली बजारमा सुनको मूल्यले हालसम्मकै उच्च रेकर्ड कायम गरेको छ । सोमबार नेपाली बजारमा सुनको भाउ अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार छापावाल सुनको भाउ प्रतितोला १ लाख ५७ हजार ३ सय तोकिएको छ । आइतबारको तुलनामा सोमबार सुनको भाउ प्रतितोला ५ सय रुपैयाँले बढेको हो । आइतबारका सुनको भाउ प्रतितोला १ लाख ५६ हजार ८ सय रुपैयाँ तोकिएको थियो । शनिबार सुनचाँदीको भाउ तोकिँदैन ।

शुक्रबार भने सुनको मूल्य प्रतितोला १ लाख ५६ हजार ३ सय रुपैयाँ तोकिएको थियो । शुक्रबार भने बिहीबारको तुलनामा एक तोलामै ३ हजार रुपैयाँले भाउ बढेको थियो । यस्तै, चाँदीको मूल्य प्रतितोला १५ रुपैयाँले वृद्धि भएको छ । आइतबार प्रतितोला १ हजार ९ सय रुपैयाँमा कारोबार भएको चाँदीको मूल्य आजका लागि १ हजार ९ सय १५ रुपैयाँ निर्धारण भएको छ । सुनको भाउले अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ ।

जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

विश्वकर्मा पूजाको शुभकामना

२०८१ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हामी कहाँ भवन निर्माण सम्बन्धी छड, सिमेन्ट, इट्टा, गिट्टी, बालुवा, ढुङ्गा, पि.सि.भी., सि.पि.भि.सी पाइप फिटिङ्का सामानहरु तथा निमार्ण कार्य र ढुवानी सेवाको पनि राम्रो व्यवस्था छ ।
प्रो. रोनिस सिंह
इभान सप्लायर्स एण्ड हार्डवेयर परिवार
तानसेन-३, टक्सारटोल, पाल्पा
सम्पर्क नं. ९८४७०४३७५६, ९८४७०४३३५०

विश्वकर्मा बाबा की जय ! जय !! जय !!!


हामीकहाँ सटर, च्यानल गेट, ग्रिल, रेलिङ्, गोल भरेङ्, कम्पाउण्ड गेट, कम्पाउण्ड जाली, ट्रस आदि बनाउनुका साथै स्टील र आल्मुनियम सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
विश्वकर्मा पूजा २०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
प्रो. दल बहादुर वि.क.
न्यू आलदेवी ग्रील उद्योग परिवार
तानसेन-३, टक्सारटोल, पाल्पा, सम्पर्क नं. ९८४७३४७८३०


विश्वकर्मा पूजाको हार्दिक शुभकामना


विश्वकर्मा पूजा २०८१ को पावन अवसरमा सम्पूर्ण इष्टमित्र, ग्राहक वर्ग, आफन्तजन तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हामी कहाँ सटर, ग्रील, च्यानल, गेट, कम्पाउण्ड गेट, फेन्सी गेट, गोल भऱ्याङ्, रेलिङ्, डेक्स, बेन्च, इत्यादी काम सुपथ मूल्यमा बनाइन्छ ।
प्रो. कमल सिंह सुनार
आलमदेवी ग्रील एण्ड आल्मुनियम स्टील उद्योग परिवार
सिल्खानटोल, तानसेन, पाल्पा, सम्पर्क नं. ९८५७०६९५२३

विश्वकर्मा बाबा की जय ! जय !! जय !!!


विश्वकर्मा पूजा २०८१ को पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हामी कहाँ सबै कम्पनीका मोटरसाइकल मर्मत गरिनुका साथै रिकन्डिशनको पनि व्यवस्था छ ।
प्रो.विक्की कुँवर
भगवती मोटरसाइकल वर्कशप परिवार
तानसेन-४, सिल्खानटोल, पाल्पा (होलाङ्दी जाने बाटो) सम्पर्क : ९८४७५६३६४२

विश्वकर्मा पूजाको हार्दिक शुभकामना


२०८१ सालको विश्वकर्मा पूजाको पावन अवसरमा सम्पूर्ण ग्राहक वर्ग तथा शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
हामी कहाँ सबै कम्पनीका गाडी, मोटरसाइकल मर्मत गरिनुका साथै डेन्ट पेन्टको पनि व्यवस्था छ ।
प्रो.रामु नेपाली
सुरज बोडी मेकर एण्ड पशुपति मोटर पार्टस
तानसेन-४, पाल्पा (होलाङ्दी जाने बाटो) सम्पर्क : ९८६९९४००९८

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई